नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४२५

मितिः२०८२/०३/१०

नेपाल संवत् ११४५

विषयः- कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिक सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखाको प.सं. २०८१/०८२, च.नं. १७६, मिति २०८२/०३/०४ को कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिक सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

३/१०

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

१०

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

(बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८१/८२
च.नं. : १८६

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- ६९८८
दर्ता मिति:- ३।१५

मितिः २०८२/०३/०४

विषयः कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिक सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी प्रसार सेवा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउन यस मन्त्रालयबाट आर्थिक वर्ष २०७९/०८० देखि देशभरिका विभिन्न स्थानीय तहहरुमा कृषि स्नातक/भेटेरिनरी डाक्टरको करार नियुक्ति तथा पारिश्रमिकका लागि सशर्त वित्तिय हस्तान्तरण मार्फत बजेट व्यवस्थापन हुँदै आएकोमा सो कार्यक्रमका लागि चालु आ.व. २०८१/०८२ मा बजेट विनियोजन भएका स्थानीय तहहरुको विवरण र मन्त्रालयबाट माग भए बमोजिम स्थानीय तहहरुबाट प्रेषित अध्यावधिक विवरणको आधार र आगामी आ.व. २०८२/०८३ का लागि मन्त्रालयलाई प्राप्त बजेटको सीमाभित्र रहि स्थानीय तहहरुमा आगामी आ.व. २०८२/०८३ का लागि कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिक LMBIS मा प्रविष्टि गरिएको सन्दर्भमा केहि स्थानीय तहहरुमा कृषि स्नातक/भेटेरिनरी डाक्टर कार्यक्रमका लागि बजेट विनियोजन भएको नदेखिएकाले बजेट विनियोजन नभएका स्थानीय तहहरुमा आवश्यकताका आधारमा आगामी आ.व. २०८२/८३ का लागि सम्बन्धित स्थानीय तहहरुबाट नै कृषि स्नातक/भेटेरिनरी डाक्टरका लागि पारिश्रमिकको व्यवस्था हुन अनुरोधका लागि तँहा मन्त्रालय मार्फत सम्बन्धित स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन मिति २०८२/०३/०४ गतेको सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

.................
दिलिप जंग राना
कृषि अर्थ विज्ञ